# मूल्य वृद्धि घटाउन नसकिने सरकारको जवाफ

**इजलास** /बिर्तामोड

सरकारले पेट्रोलियम पदार्थको मूल्य घटाउन नसकिने बताएको छ । मंगलबार १५ विद्यार्थी संगठनहरुले संयुक्त रुपमा मूल्य वृद्धि घटाउन बुझाएको ध्यानाकर्षण पत्र बुझ्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले सरकारले नेपाल आयल निगमलाई पेट्रोलियम पदार्थको मूल्य घटाउन भन्न सक्ने अवस्था नरहेको बताएका हुन् ।

आयल निगम दैनिक ६ अर्ब ७१ करोड रुपैयाँ घाटामा रहेकाले पेट्रोलियम पदार्थको मूल्य घटाउन भन्न नसकिने उनको तर्क छ ।

मन्त्री बडुले अझैपनि निगमले पेट्रोलमा प्रतिलिटर १४ रुपैयाँ ६४ पैसा, डिजेलमा प्रतिलिटर २६ रुपैयाँ ८२ पैसा र खाना पकाउने एल.पी.ग्याँसमा प्रतिसिलिन्डर ८७९ रुपैयाँ ७५ पैसा घाटा व्यहोरिरहेका बताए । उनले विश्वबजार र नेपाल आयल निगमको अवस्थालाई ध्यानमा राखेर केही विकल्प दिनु सरकारको दायित्व भएको उल्लेख गर्दै त्यसका निम्ति सरकार लागिरहेको बताए ।



उनले भने, 'अहिले पनि नेपाल आयल निगमले २० अर्ब ४० करोड रुपैयाँ इन्डियन आयल कर्पोरेशनलाई तिर्नु अहिले पनि बाँकी रहेछ । र अहिले पनि हरेक दिन ६ अर्ब ७१ करोड रुपैयाँ घाटा भइरहेको छ नेपाल आयल निगमलाई । त्यस्तो अवस्था छ । अहिले १० रुपैयाँ एकपटक, १० रुपैयाँ अर्कोपटक पनि बढाएको छ । यो यथार्थ हो ।

तर यसका बाबजुद पनि अहिले पेट्रोलमा प्रतिलिटर १४ रुपैयाँ ६४ पैसा, डिजेलमा प्रतिलिटर २६ रुपैयाँ ८२ पैसा र खाना पकाउने एल.पी.ग्याँसमा प्रतिसिलिन्डर ८७९ रुपैयाँ ७५ पैसा घाटा छ ।

अहिले पनि त्यो घाटा व्यहोरिरहेको छ । त्यस अवस्थामा यो मूल्य बढेको अवस्था छ । त्यसकारणले यो अवस्थामा सरकारले पनि यतिबेला चाहेर पनि घटाउ भनेर निगमलाई भन्न सक्ने अवस्था रहेन । तर जे अवस्था अहिले बनेको छ, त्यसमा सरकारले के गर्ने भन्ने जरुर सरकारको दायित्व हुन्छ । हामीले विश्वबजार, नेपाल आयल निगमको अवस्थालाई ध्यानमा राखेर हामीले केही विकल्प दिनुपर्छ । वैकल्पिक बाटो के त ? अझ पनि बढ्न सक्छ । अब अझ चर्किन सक्छ ।

यो अवस्था रुस र युक्रेनको युद्धपछि अझ विश्वबजारमा अभाव देखिएको हो । त्यसकारण यो अवस्था कहिलेसम्म जाने हो । फेरि अझ के अवस्था होला ? त्यसको विकल्प के गर्ने सरकारको दायित्व हुन्छ । सरकार त्यसमा लागिरहेको छ ।'

उनले पेट्रोलियम पदार्थमा लागेको करको दायरमा केही छुट दिनका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पुगेको पनि बताए । उनले नेपाल र भारत सिमामा भएको मूल्यको असमानतालाई समायोजन गरिने पनि बताए । विद्यार्थी संगठनहरुले सरकारसँग मूल्य वृद्धि फिर्ता लिन माग गरेका छन् ।

# शिवसताक्षी नगरपालिकाका जनप्रतिनिधिलाई प्रमाणपत्र

शिवसताक्षी । शिवसताक्षीका नवनिर्वाचित जनप्रतिनिधिलाई प्रमाणपत्र वितरण गरिएको छ । निर्वाचन कार्यालयले एक कार्यक्रम गरी नवनिर्वाचित जनप्रतिनिधिहरुलाई प्रमाणपत्र प्रदान गरेको हो ।

कार्यक्रममा निर्वाचन अधिकृत मधु पोखेलले शिवसताक्षीका ५७ जना जनप्रतिनिधिहरुलाई प्रमाण पत्र प्रदान गरेका थिए । प्रमाणपत्र वितरणका क्रममा बोल्दै अधिकृत पोखेलले निर्वाचन सफल बनाउने सहयोग गर्ने राजनीतिक दल, कर्मचारी, शिवसताक्षी नगरपालिका, सुरक्षा निकायलगायतलाई धन्यवाद दिए । उनले सबै जनप्रतिनिधिहरुलाई बधाई तथा शुभकामना व्यक्त गरे ।



कार्यक्रममा बोल्दै नवनिर्वाचित शिवसताक्षी नगरप्रमुख मेघहाङ्ग थोप्रा (रोशन) ले जनप्रतिनिधिले नगरबासीको जनभावना अनुरुप काम गर्नुपर्ने बताए । उनले भने, हामीलाई जनताले चुनेर पठाएकाले हामी अब निष्पक्षीय ढंगले शिवसताक्षीको विकासमा लाग्नुपर्छ ।

वडाध्यक्षहरुको तर्फबाट नवनिर्वाचित शिवसताक्षी नगरपालिका वडा नं. २ वडाध्यक्ष भिम नेम्वाङ्ग, शिवसताक्षी ८ अध्यक्ष सन्त फेवदिनले मन्तव्य राखेका थिए ।

कार्यक्रममा शिवसताक्षी नगरपालिका प्रमुख प्रशासकीय अधिकृत प्रकाश चौधरी, लेखा अधिकृत प्रकाश योङ्गया, प्रशासन प्रमुख डिल्ली नेपाल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रम सञ्चालक शिवसताक्षी नगरपालिका सहकारी प्रमुख तथा निर्वाचन कार्यलयका कर्मचारी बद्री दाहालले गरेका थिए ।

# फेरि बढाइयो भाडा

**इजलास** /बिर्तामोड

सार्वजनिक यातायातको भाडा फेरि बढेको छ । सरकारले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेसँगै लामो दूरीका सवारीसाधनको भाडादर बढेको हो । यातायात व्यवस्था विभागका अनुसार यात्रुवाहक सवारीमा २.१ प्रतिशत, पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारीमा २.७ प्रतिशत, तराईको बाटोमा सञ्चालन हुने मालवाहक सवारीमा ३ प्रतिशतले भाडा वृद्धि भएको छ । विभागका अनुसार वृद्धि भएको भाडादर मंगलबारबाटै लागू हुने भएको छ ।

# स्थानीय तह निर्वाचन आचारसंहिता हट्यो

बिर्तामोड । स्थानीय तह निर्वाचनका लागि गत २५ गतेदेखि लागू भएको निर्वाचन आचारसंहिता अन्त्य भएको छ ।

निर्वाचन आयोगले मंगलबार एक विज्ञप्ति जारी गर्दै आचारसंहिता अन्त्य भएको जनाएको हो । गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनको अन्तिम परिणाम आउने क्रम रहेको निर्वाचन आयोगका प्रवक्ता सहसचिव शालिग्राम शर्माले जानकारी दिए ।

उनका अनुसार निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गर्दै निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०७८ को दफा १ को उपदफा २ बमोजिम निर्वाचन आचारसंहिता लागू गरेको थियो ।

## ओलीलाई...

एमाले छोडेर नेकपा समाजवादीमा लागेका उनले एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई आउँदो संघीय निर्वाचनबाट हराइदिन्छु भनेपछि सबैले चासो दिए ।

स्थानीय तह निर्वाचनमा अर्जुनधारा नगरपालिकामा मेयरको उम्मेद्वारी दिने हल्ला चलाए पनि वडा नं. ७ मा श्रीमतिलाई वडाध्यक्षको टिकट दिलाए । काफ्लेले श्रीमति इन्दिरा दंगाललाई वडाध्यक्षको टिकट दिलाएर मेयरको आकांक्षा नै हापिदिए । केपी ओलीलाई हराइदिन्छु भन्ने व्यक्तिको श्रीमति नै उम्मेद्वार बनेपछि अन्य उम्मेद्वारहरुले चुनौतिको रुपमा लिएका थिए । तर, काफ्लेको श्रीमति इन्दिरा दंगालले जम्मा ७ मत प्राप्त गरेकी छन् ।


बिर्ता सेफ्टी तथा ढल सफाई



9825952677
9825952680
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)
पूर्वाञ्चलमै सबैभन्दा ठुलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३



सूचना सूचना सूचना

के तपाई कुजीएर बस्नु भएको छ ? उपचार गर्दा ठिक भएन ? अब चिन्ता नलिनुहोस् । नेशनल बाथरोग सेन्टर काठमाडौंबाट आउँदो शुक्रवार र शनिवार बरिष्ठ बाथ रोग विशेषज्ञ डा.आदिप अरुण श्रेष्ठ आउँदै हुनुहुन्छ । सेवाका लागि सम्पर्क गर्नुहोस् । यसैगरी नाक, कान, घाँटी रोग विशेषज्ञ डा.ज्ञोनन्द्र बगाले, बरिष्ठ बाल रोग विशेषज्ञ डा.टंक बाह्रकोटी र छाला रोग विशेषज्ञ डा.केशव ढकालसँग दैनिक सेवाका लागि सम्पर्क गर्न सक्नुहुनेछ ।

सम्पर्क : अश्विन पोलिक्लिनिक तथा नेशनल बाथ रोग सेन्टर
भद्रपुर रोड, बिर्तामोड सम्पर्क नं. ०२३-५३०५४५



साझा सेफ्टी ट्याङकी तथा ढल सफाई

आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठुलो सेफ्टी ट्याङ्की अनुभवि व्यक्तिबाट ट्वाइलेट ब्लक भएमा सर्भिसको व्यवस्था छ ।




विशाल हरिजन
९८१४९९३७१२ ९८२४९९०४६२
९८४२६७७८५५ ९७४५२६०८२५
नोट : यहाँ पाईप फिटिङ सर्भिसको व्यवस्था छ ।



## बिर्तामोड नगरपालिका
## नगरकार्यपालिको कार्यालय
## बिर्तामोड नगर अस्पताल
बिर्तामोड, झापा

## औषधि तथा औषधीजन्य मालसामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

ठेक्काको सूचना नं. BTMMUN/GOODS/SQ–38/078–79

प्रथम पटक प्रकाशित मिति:–२०७९/०२/११

यस अस्पताललाई आ.व. ०७८/७९ को लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य मालसामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता/कम्पनी/फर्म वा सप्लायर्सहरुबाट देहायका शर्तहरुका अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन आव्हान गरिन्छ ।

शर्तहरु:–

(०१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन सम्ममा दरभाउपत्र फाराम यस अस्पतालको स्टोर शाखाबाट रु १,०००/– अक्षरेपी एक हजार मात्र (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ ।

(०२) दरभाउपत्र खरिद गर्दा आधिकारिक निवेदन साथ निम्न कागजात संलग्न हुनुपर्नेछ ।

(क) औषधी व्यवस्था विभागबाट प्राप्त नविकरण सहितको इजाजत पत्रको प्रमाणित प्रतिलिपी ।

(ख) मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

(ग) आ.व.०७७/७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(घ) प्रोपाईटर स्वयम् उपस्थित हुन नसकेमा निजको आधिकारिक मञ्जुरीनामा ।

(ङ) संलग्न कागजातहरुको प्रतिलिपी नोटरी पब्लिकबाट अनिवार्य रुपमा गराई आएको हुनुपर्नेछ ।

(०३) खरिद गरिएका दरभाउपत्र १६ औ दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

(०४) रितपुर्वक पेश भएका सिलबन्दी दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६औ दिन दिनको ०२:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहबरमा बिर्तामोड नगरपालिकाको कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

(०५) रित नपुगेको र म्याद नाघि आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

(०६) दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्य सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

(०७) दरभाउपत्रदाताले धरौटी वापतको रु ६०,०००/–(साठी हजार मात्र) बिर्तामोड नगरपालिकाको एन.आई.सि. एशिया बैंक लि., बिर्ताबजार मा रहेको धरौटी खाता नं. 246CA500188700002 मा नगद जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारि गरेको कम्तिमा ७६ दिनको मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्दछ ।

(०८) दरभाउपत्र पेश गर्दा रकम अङ्क र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिईनेछ ।

(०९) पेश भएका सिलबन्दी दरभाउपत्र आंशिक रुपमा, आइटम वाइज रुपमा, पुर्णरुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस समितिमा निहित रहनेछ ।

(१०) उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ । विस्तृत जानकारी नगरपालिकाको वेवसाइट www.birtamodmun.gov.np मा हेर्न सक्नुहुनेछ साथै यस कार्यालयको टेलिफोन नं. ०२३–५४०४८८ मा कार्यालय समय भित्र टेलिफोन गरि वा कार्यालयमा कार्यालय समय भित्र उपस्थित भई बुझ्न सकिने छ ।

| विवरण | लागत अनुमान अंक | धरौटी | कैफियत |
|---|---|---|---|
| स्वास्थ्य बिमा अन्तर्गतका औषधी तथा औषधी जन्य मालसामान खरिद | १९,९९,९९९।७८ | ६०,०००। | |


टाइम्स मिडिया नेटवर्क प्रा.लि.द्वारा प्रकाशित तथा पोखरेल प्रिन्टिङ प्रेस, बिर्तामोडमा मुद्रित, कार्यालय बिर्तामोड-४, झापा । फोन : ०२३-५३५०२८ । Gmail : ijalaasdaily@gmail.com ।
अध्यक्ष : नारायणप्रसाद पोखरेल । लेआउट : छेत्रलाल राजवंशी ।। कार्यालय प्रतिनिधि : ९८५२६३५०२८ / सम्पादक : प्रदीप परियार